# Believers Eastern Church

Office of the Metropolitan, Synod Secretariat, St. Thomas Community, Thiruvalla, Kerala, India.

## गोठालोको पत्र

May/June 2023

सबै आर्चबिसप र बिसप, याजक, डिकन फादर, प्रचारक, सेवक-सेविका, एसओसी सिस्टर, र विश्वव्यापी बिलिभर्स इस्टर्न चर्चका सबै विश्वासी जनहरुलाई - पिता, पुत्र र पवित्र आत्माको नाउँमा आशीर्वाद र शुभकामना! आमेन!

ख्रिस्टमा मेरा प्रिय दाजुभाइ तथा दिदी-बहिनी हो,

हामी अहिले पेन्तिकोसको सिजनमा छौं। वर्षको यो समयमा चर्चले माथिल्लो कोठामा चेलाहरुमाथि पवित्र आत्मा खन्याइएको घटनाको बारेमा स्मरण गर्छ र हाम्रो जीवनमा पनि पवित्र आत्माको सामार्थ्यका लागि प्रार्थना गर्दछ। प्रेरित १:८ मा, पवित्र आत्माले हामीलाई प्रभु येसु ख्रिस्टको साक्षी हुने शक्ति दिनुहुन्छ भनी बताउँछ। हामी हरेक व्यक्ति कसरी हाम्रो आफ्नै जीवनमा प्रभु येसु ख्रिस्टको लागि प्रभावकारी साक्षी हुन सक्छौं भनी तपाईंलाई सम्झाउनको लागि म यो समय प्रयोग गर्न चाहन्छु।

**घरमा दैनिक प्रार्थना:** यो हाम्रो चर्चको विश्वास र परम्पराको एक हिस्सा हो, र यसमा हाम्रो परिवारले हरेक दिन सँगै मिलेर प्रार्थना गर्दछ। वास्तवमा, तपाईंले चाँडै एउटा पुस्तिका पाउनुहुने छ, जसले तपाईंलाई घरमा प्रार्थना कसरी गर्ने भनी बताउँछ। हाम्रो प्रार्थनाको समयमा, हामीले गर्ने एउटा काम हाम्रो वेदीको टेबलमा मैनबत्ती बाल्ने हो। येसु संसारको ज्योति हुनुहुन्छ भनेर हामी आफैंलाई स्मरण गराउनका लागि हामी यसो गर्छौं (सन्त युहन्ना ८:१२)। साथै हामी आफैं पनि संसारको ज्योति हौं (सन्त मत्ती ५:१४-१६)। जब तपाईंको परिवारले प्रार्थना गर्छ,

र तपाईंको छिमेकका मानिसहरुले थाहा पाउँछन्, तब उनीहरुका छोराछोरी बिरामी हुँदा, छोराछोरीले स्कुलमा परीक्षा दिने समय हुँदा, वा अन्य कुनै समस्या पर्दा, जस्तै खाँचोमा पर्दा तिनीहरु पक्कै तपाईंकहाँ प्रार्थनाको लागि निवेदन गर्न आउने छन्। तपाईं यसरी येसुको साक्षी बन्न सक्नुहुन्छ।

हामीलाई वचन र कार्यद्वारा मानिसहरुलाई प्रभु येसु ख्रिस्टको प्रेमको बारेमा बताएर उहाँको साक्षी हुन बोलावट भएको हो। यसो गर्ने एउटा तरिका जवानहरुलाई चर्च र समुदायको सेवा गर्न पठाउनु हो। हाम्रा दयाको सेवकाइ गर्ने सिस्टरहरुले गरिब, विधवा, सडकमा बस्ने बालबालिका, बेवास्ता भएका मानिस, कुष्ठरोगी र अरु धेरै मानिसहरुलाई मदत गरेर यस्तो सेवा यस्तो गर्छन्। तपाईंका छोरीहरुमध्ये एक जनालाई पवित्र चर्चमा दयाको सेवकाइ गर्ने सिस्टर हुनको लागि परमेश्वरले चुन्नुभएको होस् भनी तपाईं किन प्रार्थना गर्नुहुन्न? तपाईंको चर्चको कम से कम एक जना जवान बहिनीले परमेश्वरको सेवा गर्ने निर्णय गरुन् भनी प्रार्थना गर्नुहोस्। हाम्रा युवाहरु पवित्र चर्चका लागि याजक, प्रचारक र मिसनरी बनेर आफ्नो आत्मिक आवश्यकताहरु पूरा गरेर समुदायको सेवा गर्न सकुन् भनी प्रार्थना गर्नुहोस्। परमेश्वरले तपाईंको एक जना छोरालाई पवित्र चर्चको सेवा गर्न बोलाउनुभएको होस् भनी प्रार्थना गर्नुहोस्। तपाईंको परिवार र चर्चका जवानहरुका लागि प्रार्थना गर्नुहोस्, कि परमेश्वरले उनीहरुलाई पवित्र चर्चमार्फत उहाँको सेवा गर्न बोलाउनुभएको होस्। आउनुहोस्, हाम्रा युवा र युवतीहरुलाई चर्च र सामुदायको सेवा गर्न पठाउने प्रतिबद्धता गरौं।

ख्रिस्टमा मेरा प्यारा छोराछोरी हो, कृपया याद गर्नुहोस्, यदि हामी प्रभुको लागि जिउँछौं र उहाँका साक्षीहरु हौं भने, सतावट होस्, गलत बुझाइ होस्, वा अन्य समस्याहरु परोस्, हामीले दुःख भोग्नै पर्छ। वचनले भन्छ, “किनभने ख्रिस्टको निम्ति तिमीहरुलाई यो दिइएको छ, कि तिमीहरुले उहाँमाथि विश्वास गर्नु मात्र होइन, तर उहाँको खातिर दुःख पनि भोग्नुपर्छ” (फिलिप्पी १:२९)। कृपया समस्या र दुःखलाई ख्रिस्टको उपहारको रुपमा सोच्नुहोस्। यो हाम्रो जीवनमा उहाँको इच्छा पूरा गर्ने र उहाँको अनुग्रहमा सहभागी हुने माध्यम हो।

आउनुहोस्, हाम्रा अगुवाहरु र हाम्रो देश, राज्य र छिमेकीहरुमा शान्ति र समृद्धिको लागि प्रार्थना गरौं, जसरी हामीले सधैं गरिरहेका पनि छौं।

हामी सबै कुरामा असल गरौं र स्वस्थ रहौं, जसरी हाम्रो आत्माले गर्छ (३ यूहन्ना १:१२), र पवित्र आत्माले हामीलाई उहाँको लागि प्रत्येक दिन जिउने शक्ति प्रदान गर्नुहुन्छ।

पवित्र चर्चको सेवामा,

ख्रिस्टमा तपाईंको पिता

अथनेसियस योहान । मेट्रोपोलिटन

मिति: १२ मे २०२३

स्थान: पवित्र सिनड